**धनगढी उप-महानगरपालिका**

# स्थानीय राजपत्र


**खण्डः ०६** | **संख्याः ०२** | **मितिः २०७९/०५/०१**


## भाग-२

**धनगढी उप-महानगरपालिका**

## विशेषज्ञ वडा स्वास्थ्य क्लिनिक संचालन कार्यविधि २०७९


**कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।०५।०१**

**राजपत्रमा प्रकाशन मितिः २०७९।०५।०२**


**प्रस्तावना:**

प्रत्येक नागरिकलाई नि: शुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा स्थानीय सरकारको प्रमुख जिम्मेवारी रही आएको छ। हाल सबै वडामा सन्चालनमा रहेका स्वास्थ्य संस्था हरु बाट दिइने स्वास्थ्य सेवा लाई उपलब्ध स्रोत साधनको अधिकतम सदुपयोग गरी स्वास्थ्य सेवालाई थप व्यवस्थित, जनअपेक्षित , जनमुखी र प्रभावकारी बनाउन तथा स्वास्थ्य सेवालाई नागरिकको घरदैलोमै अनवरत रुपमा सुचारु गर्ने वान्छनीय भएकोले,

नेपालको संबिधान २०७२ को धारा १२६ तथा स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा १०२, स्वास्थ्य नीति २०७१, जनस्वास्थ्य ऐन २०७५ बमोजिम यस उप-महानगरपालिले **"विशेषज्ञ वडा स्वास्थ्य क्लिनिक सन्चालन कार्यविधि २०७९"** जारी गरेको छ।


धनगढी उप-महानगरपालिका राजपत्र

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क) संक्षिप्त नाम र प्रारम्भ: यस कार्यविधिको नाम **विशेषज्ञ वडा स्वास्थ्य क्लिनिक संचालन कार्यविधि, २०७९** रहेको छ ।

ख) यो कार्यविधि नगरकार्यपालिका बाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकासित भएको मितिबाट लागु हुने छ ।

**२. परिभाषा:** विषय र प्रसंगले अर्को अर्थ नलागेमा-

क) स्वास्थ्य संस्था : स्वास्थ्य संस्था भन्नाले धनगढी उप महानगरपालिका भित्र संचालनमा रहेका शहरी स्वास्थ्य प्रवद्धन केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य केन्द्र लाई सम्झनु पर्दछ।

ख) स्वास्थ्यकर्मी : स्वास्थ्यकर्मी भन्नाले प्रचलित कानुन बमोजिम मान्यता प्राप्त शिक्षण संस्था बाट अध्यन गरि सेवा समूह अनुसार नेपाल स्वास्थ्य व्यवसायिक परिषद, नेपाल नर्सिङ परिषद र नेपाल मेडिकल काउन्सिलमा दर्ता भइ स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी सम्झनुपर्दछ ।

ग) क्लिनिक : धनगढी उप महानगरपालिका भित्र प्रत्येक वडामा प्रति महिना संचालन हुने नि: शुल्क विशेषज्ञ शिविर लाई सम्झनुपर्दछ ।

घ) विशेषज्ञ : प्रचलित कानुन बमोजिम मान्यता प्राप्त शिक्षण संस्था बाट सामान्य चिकित्सा विषयमा स्नातकोतर उपाधि हासिल गरि नेपाल मेडिकल काउन्सिलमा दर्ता भइका चिकित्सक लाई सम्झनुपर्दछ ।

ङ) वडा: वडा भन्नाले धनगढी उप महानगरपालिका भित्रका १९ वटा वडा सम्झनु पर्दछ ।

च) उप-महानगरपालिका : उप-महानगरपालिका भन्नाले धनगढी उप महानगरपालिका लाई सम्झनु पर्दछ ।

छ) "प्रमुख" भन्नाले धनगढी उप-महानगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

ज) "उप-प्रमुख" भन्नाले धनगढी उप-महानगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्दछ।

झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धनगढी उप-महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

ञ) "वडा अध्यक्ष" भन्नाले धनगढी उप-महानगरपालिकाका वडा अध्यक्ष सम्झनु पर्दछ।

**३. उदेश्य :**यस कार्यविधिको उदेश्य देहाय बमोजिम रहेका छन ।

क) उप-महानगरपालिका भित्रका नगरबासीहरुलाई आधारभूत तथा बिशेसज्ञ स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितता गर्न।

ख) मासिक रुपमा वडास्तरमा संचालन हुने बिशेसज्ञ चिकित्सद्वारा दिइने नि :शुल्क स्वास्थ्य सेवा क्लिनिकको व्यस्थापन गर्न ।

ग) क्लिनिकका लागि विनियोजित बजेट खर्चलाई पारदर्शी बनाउन ।

घ) क्लिनिक सन्चालन मार्फत घरदैलोमै नगरवासीको स्वास्थ्य समस्या नि: शुल्क रुपमा पहिचान, निदान, उपचार, उचित परामर्श तथा समयमै प्रेषण गर्न ।

**४. <u>कार्यक्रम संचालन प्रक्रिया:</u>**

क) विशेषज्ञ वडा स्वास्थ्य क्लिनिक संचालनका लागि एक संचालक समिति रहनेछ जसमा निम्न बमोजिमका पदाधिकारीहरु रहनेछन ।

| | |
|---|---|
| १. नगर प्रमुख | अध्यक्ष |
| २. नगर उप प्रमुख | उपाध्यक्ष |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. सामजिक विकास समिति संयोजक | सदस्य |
| ५.स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

ख) क्लिनिक संचालनका लागि आबश्यक पर्ने बजेटको ब्यबस्थापनका लागि उप-महानगरपालिकाले “बिशेषज्ञ वडा स्वास्थ्य क्लिनिक ब्यबस्थापन कोष” खडा गरि बजेटको व्यवस्था गर्नेछ ।

ग) उपदफा (ख) बमोजिम स्थापना गरिएको कोषमा सरकारी तथा गैहसरकारी संघ संस्था, व्यक्ति, समूहले रकम जम्मा गरि सहयोग गर्न सक्नेछन ।

घ) उपदफा (क) बमोजिमको समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**१.** विशेषज्ञ वडा स्वास्थ्य क्लिनिक संचालनका लागि आबश्यक पर्ने बजेट, जनशक्ति, औषधि तथा उपकरणको ब्यबस्थापन गर्ने ।

**२.** क्लिनिक संचालन हुने स्थान, मिति कायम गरि वडा तथा समुदायसंग समन्वय कायम गरी क्लिनिकलाई प्रभावकारी रुपमा संचालन तथा ब्यबस्थापन गर्ने ।

**३.** क्लिनिक संचालन तथा ब्यबस्थापनमा खर्च रकम विवरणको लेखाजोखा गर्ने ।

**४.** नियमित रुपमा क्लिनिकको अनुगमन तथा मुल्यांकन गर्ने ।

**५. <u>विशेषज्ञ वडा स्वास्थ्य क्लिनिक संचालन हुने स्थान र समय:</u>**

क) विशेषज्ञ वडा स्वास्थ्य क्लिनिक प्रत्येक महिना उप-महानगरपालिका भित्रका १९ वटै वडामा तोकिएको मिति र निश्चित स्थानमा संचालन गरिनेछ ।

ख) उपदफा (क) अनुसार तोकिएको मितिमा सार्बजनिक बिदा पर्न गएमा पनि क्लिनिक संचालन गरिनेछ ।

ग) विशेषज्ञ वडा स्वास्थ्य क्लिनिक बिहान १० बजे देखि ३ बजे सम्म संचालन गरिनेछ ।

घ) बिशेषज्ञ क्लिनिक संचालन हुने दिन बिशेसज्ञ चिकित्सक,स्वास्थ्यकर्मी र अन्य कर्मचारीलाई क्लिनिक संचालन स्थान देखि पालिकासम्म ल्याउन/लैजानका लागि यातायातको व्यवस्था उप-महानगरपालिकाले गर्नेछ ।

## ६. जनशक्ति ब्यबस्थापन:

क) विशेषज्ञ वडा स्वास्थ्य क्लिनिकबाट विशेषज्ञ सेवा प्रदान गर्नको लागि स्त्री तथा प्रसुती रोग विशेषज्ञ-१ जना, जनरल फिजिसियन-१ जना विशेषज्ञ चिकित्सकलाई उप-महानगरपालिकाले करार सेवामा भर्ना गरि परिचालन गर्नेछ ।

ख) माथी उल्लिखित जनशक्ति ब्यबस्थापनका लागी उप-महानगरपालिकासंग आर्थिक सहयोगको सम्झौता गर्ने संघ संस्थाको सहकार्यको आधारमा जनशक्तिको ब्यबस्थापन गरिनेछ ।

ग) उपदफा (क) बमोजिमका चिकित्सक बाहेक उप-महानगरपालिकालाई आबश्यक परेको खण्डमा थप बिशेसज्ञसंग पनि सम्झौता गरि क्लिनिकमा परिचालन गर्न सक्नेछ ।

घ) क्लिनिक संचालनमा रेकर्डिग, रिपोर्टिंग लगायतका अन्य कार्यका लागि सम्बन्धित वडामा रहेका स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुलाई खटाइनेछ साथै सम्बन्धित स्वास्थ्य संस्थाबाट मात्रै कर्मचारी अपुग हुने भएमा नजिकैको स्वास्थ्य संस्थाबाट पनि परिचालन गर्न सकिनेछ ।

## ७. उपचार ब्यबस्थापन:

क) क्लिनिकमा जांच गराउन आए बाफत कुनै शुल्क लिइने छैन ।

ख) क्लिनिकमा आएका बिरामीलाई चिकित्सकले प्रेस्काइब गरेका औषधी नेपाल सरकारले वितरण गरेका नि:शुल्क औषधी मध्येका भए स्वास्थ्य संस्थाबाटै नि:शुल्क उपलब्ध गराइने छ ।

ग) क्लिनिकमा आएका बिरामीलाई उपदफा ( ख) बाहेकका औषधीका लागि उप-महानगरपालिकाले अनुसूची-१ अनुसारका औसधीहरु आफैले खरिद गरि, निजि क्षेत्रको सहयोग र सहकार्यबाट प्राप्त भएको औषधिलाई नि: शुल्क रुपम वितरण गर्न सक्नेछ।

घ) बिशेसज्ञ वडा स्वास्थ्य क्लिनिकमा जनरल फिजिसियन र स्त्री तथा प्रसुती रोग सेवा बाहेकका बिशेसज्ञ सेवा प्रदान गर्नका लागि सरकारी, निजि स्वास्थ्य संस्थाहरुसंग सम्झौता गर्दै थप गर्दै लगिनेछ ।

## ८. अभिलेख तथा प्रतिबेदन:

क) क्लिनिकमा सेवा प्रदान गरिएको विवरण सम्बन्धित स्वास्थ्य संस्थाले अनुसूची-२ अनुसार सोहि दिन स्वास्थ्य शाखालाई उपलब्ध गराउनु पर्नेछ साथै मासिक रुपमा सो तथ्यांकलाई HMIS ९.३ मा पनि प्रतिबेदन गर्नुपर्नेछ।

ख) उपदफा (क) अनुसार प्राप्त प्रतिबेदनलाई स्वास्थ्य शाखाले धनगढी उपमहानगरपालिकाको सूचना पाटि , वेव साइट र अन्य सामाजिक संजालहरुमा सार्वजनिक गर्नेछ ।

## ९. क्रियाकलाप संचालनमा बजेट खर्च:

क) क्लिनिक संचालनका लागि औषधि, उपकरण, रजिस्टर लगायतका आबश्यक सामग्री “सार्वजनिक खरिद ऐन २०६३” सार्बजनिक खरिद नियमाबली, (एघारौ संसोधन, २०७८) २०६४ अनुसार उप महानगरपालिकाले आवश्यकता आधारमा खरिद गर्न सक्नेछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

ख) बिशेषज्ञ क्लिनिक संचालन तथा ब्यबस्थापनमा खटिने जनशक्तिहरुका लागि क्लिनिक संचालनका दिनमा खाजा बाफत रु.२००/व्यक्ति (अक्षरुपि  दुइ सय मात्र प्रति व्यक्ति) का दरले खर्च गर्न सकिनेछ ।

ग) दफा ५ (ख) बमोजिम सार्बजनिक बिदाको दिनमा क्लिनिक संचालन तथा ब्यबस्थापनमा खटिने कर्मचारीहरुका लागि रु ३०० (अक्षरुपि तिन सय मात्र) प्रति व्यक्ति यातायात खर्च उपलब्ध गराइनेछ ।

घ) दफा ६(ग) बमोजिम क्लिनिक संचालन हुने दिनमा अर्को संस्थाबाट स्वास्थ्यकर्मी/कर्मचारी खटाईएमा रु ५०० (अक्षरुपि पाँच सय मात्र)/ प्रति व्यक्ति यातायात खर्च उपलब्ध गराइनेछ ।

**१०. थप घट वा हेरफेर गर्न सक्ने:** यो कार्यविधिको कार्यान्वयनलाई थप प्रभाबकारी र ब्यबस्थित बनाउन नगर पालिकाले कार्यविधिमा थप घट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

**११. बाधा अड्काउ:** यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा सो को बाधा अड्काउ फुकाउने धनगढी उप-महानगरपालिकाको नगर कार्यपालिका माअधिकार कार्यपालिकामा निहित रहनेछ।

धनगढी उप-महानगरपालिका राजपत्र

## अनुसूची-१
### दफा ७ को उपदफा (ग) संग सम्बन्धित

| क्र. सं. | सामग्रीको नाम (Drug Name) | इकाई (Unit) | तौल/ आयतन (Specification) | कैफियत |
|---|---|---|---|---|
| 1 | Pantoprazole | Tablet | 40mg | |
| 2 | Cefixim | Tablet | 200mg/ 400mg | |
| 3 | Glimepiride | Tablet | 1mg/ 2mg | |
| 4 | Metformin | Tablet | 500mg/800mg/1000mg | |
| 5 | Calcium Carbonate | Tablet | 500mg | |
| 6 | Amlodipine + Losartan | Tablets | Amlodipine 5mg<br>Losartan 50mg | |
| 7 | Aceclofenac | Tablet | 100mg | |
| 8 | Mefenamic Acid | Tablet | 500mg | |
| 9 | Norethisterone | Tablet | 5mg | |
| 10 | Methyl cobalamin | Tablet | 1500mcg | |
| 11 | Nitrofurantoin Tablets. | Tablet | 100 mg | |
| 12 | Clotrimazole | Vaginal Tablet | 100 mg | |
| 13 | Doxophylline | Tablet | 400mg | |
| 14 | Tamsulosin | Tablet | 0.4mg | |
| 15 | Chlorpheniramine Maleate + Paracetamol + Phenylephrine | Tablets | Chlorpheniramine Maleate 4mg<br>Paracetamol 500mg<br>Phenylephrine 10mg | |
| 16 | Potassium Citrate & Citric acid | Syrup/ Oral suspension | Potassium Citrate Monohydrate 1100 mg, Citric Acid Monohydrate (334mg) | |
| 17 | Dextromethorphan+ Chlorpheniramine Maleate | Oral Solution/ suspension | Dextromethorphan HBr BP 7.5 mg<br>Chlorpheniramine Maleate BP 1mg | |
| 18 | Fexofenadine Hydrochloride | Oral Solution. | Fexofenadine Hydrochloride 30mg | |
| 19 | Dextromethorphan+ Chlorpheniramine Maleate | Oral Solution. | Dextromethorphan HBr BP 10mg<br>Chlorpheniramine Maleate BP 2mg | |

धुलिखेल उप-महानगर राजपत्र

अनुसूची-२

## धनगढी उप-महानगरपालिका

नगरकार्यपालिकाको कार्यालय

स्वास्थ्य शाखा

धनगढी ,कैलाली

## विशेसज्ञ वडा स्वास्थ्य क्लिनिक

### मासिक प्रगति प्रतिवेदन

**क्लिनिक संचालन स्थान:** **महिना:**

| सि.नं | विवरण | नया सेवाग्राहिको संख्या | | | जम्मा (नयाँ/पुराना) सेवाग्राहीको संख्या | | | रेफर गरिएका जम्मा सेवाग्राही | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | कुल | महिला | पुरुष | कुल | महिला | पुरुष | कुल |
| १ | जनरल फिजिसियन बाट सेवा लिने सेवाग्राहीको संख्या | | | | | | | | | |
| २ | स्त्री तथा प्रसुती रोग विशेसज्ञ बाट सेवा लिने सेवाग्राहीको संख्या | | | | | | | | | |
| | कुल जम्मा | | | | | | | | | |
| ३ | प्रयोगशाला सेवा लिने सेवाग्राहीको संख्या | | | | | | | | | |
| ४ | अल्ट्रासाउन्ड सेवा लिने सेवाग्राहीको संख्या | | | | | | | | | |
| ५ | ECG सेवा लिने सेवाग्राहीको संख्या | | | | | | | | | |
| ६ | सेवा लिने गर्भवती महिलाको संख्या | | | | | | | | | |
| ७ | ७० वर्ष माथिका सेवा ग्रहिको संख्या | | | | | | | | | |

**तयार गर्ने** **स्वास्थ्य संस्थाको नाम** **प्रमाणित गर्ने**

<u>आज्ञाले</u>

रामलाल श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

धनगढी उप -महानगरपालिका

धनगढी उप-महानगरपालिका राजपत्र